महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

प.सं. २०८३/०८४ च. नं. ९४४

मितिः २०८३/०४/२२
ने. सं. ११४६

विषयः नियमित पठनपाठन तथा आचरण सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै,
श्री शिक्षक/प्रशिक्षक, कर्मचारी सबै,
महाकाली नगरपालिका, दार्चुला ।

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारबाट विद्यालयमा कार्यरत शिक्षक/प्रशिक्षक र कर्मचारीहरुसँग सम्बन्धित विषयमा प्राप्त भएको टिकट नं. HS-WEB-167834-KT को गुनासो पत्र संलग्न राखी जिल्ला प्रशासन कार्यालय दार्चुलाको च. नं. १५० मिति २०८३/०४/२० को पत्रानुसार विद्यालयमा कार्यरत शिक्षक/प्रशिक्षक र कर्मचारीहरु विद्यालयमा न्यून उपस्थित हुने, विद्यालय समयमा नियमित पठनपाठन बाहेक विभिन्न व्यवसायमा संलग्न हुने लगायत तोकिएको कार्यालय समयमा गैर शैक्षिक क्रियाकलापमा सहभागी हुने गरेको भनी उजुरी प्राप्त हुन आएकोले महाकाली नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षक/प्रशिक्षक तथा कर्मचारीहरुलाई विद्यालय समयमा विद्यालय बाहिरका कुनै पनि गतिविधिमा संलग्न नहुन, नियमित पठनपाठन गर्नु हुन तथा शिक्षक कर्मचारीको पेसागत आचरण पालना गर्नु हुन अनुरोध छ। प्रचलित ऐन कानून तथा आचरण विपरितका क्रियाकलापहरु भए गरेको पाइएमा नियमानुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८३/०४/२२
तर्कराज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
जिल्ला प्रशासन कार्यालय, दार्चुला।

महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

प.सं. २०८३/०८४ च. नं. १४५

मितिः २०८३/०४/२२
ने. सं. ११४६

विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री संस्थागत विद्यालय सबै,
महाकाली नगरपालिका, दार्चुला ।

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारबाट निजी विद्यालयसँग सम्बन्धित विषयमा प्राप्त भएको टिकट नं. HS-WEB-167040-MZ को गुनासो पत्र संलग्न राखी जिल्ला प्रशासन कार्यालय दार्चुलाको च. नं. १४३ मिति २०८३/०४/२० को पत्रानुसार महाकाली नगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुले नेपाल सरकार मन्त्रिपरिषद्को शनिबार र आइतबार सार्वजनिक बिदाको निर्णय उल्लङ्घन गरी आइतबारका दिन विद्यालय सञ्चालन गरी पठनपाठन कार्य सञ्चालन गरिरहेकोले आवश्यक कारवाही गरि पाउँ भनी गुनासो दर्ता भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र यस महाकाली नगरपालिकाको शैक्षिक कार्यपात्रोले व्यवस्था गरेभन्दा बाहेक विद्यालय सञ्चालन नगर्न नगराउन हुन अनुरोध छ।

२०८३/०४/२२
तर्कराज भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री जिल्ला प्रशासन कार्यालय, दार्चुला।
श्री शिक्षा विकास तथा समन्वय इकाई, दार्चुला।

website:www.mahakalimun.gov.np ☎०९३-४२०१३७, टोल फ्री नं. १६६०९३४२१३७
ईमेलःinfo@mahakalimun.gov.np, mmdarchula@gmail.com,
Facebook page:https://www.facebook.com/mmdarchula